**"कृषि,पर्यटन र पूर्वाधार रुन्टीगढी समृद्धिको आधार"**
**आ.ब. २०७७/०७८ का लागि रुन्टीगढी गाँउपालिकाको वार्षिक नीति तथा कार्यक्रम**

रुन्टीगढी गाँउपालिकाको सम्मानितसातौं गाउँसभाका सभाध्यक्षज्यू,
गाउँसभाका सदस्यज्यूहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु,
उपस्थित सम्पूर्ण महानुभावहरु ।

रुन्टीगढी गाउँपालिकाको सम्मानित र गरिमामय यस सभामा आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न यहाँहरु समक्ष उभिएको छु। जनताको अधिकार जनताकालागि उपयोग गर्ने विशेष जिम्मेवावारीकासाथ रुन्टीगढी गाउँपालिका वासीहरुका लागि जीवन रेखाकोर्ने यो पुणित अवसरमा आफूलाई गौरववान्वित महशुस गरेको छु ।

यस महत्तवपूर्ण अवसरमा विभिन्न जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । विशेषगरी विभिन्न आन्दोलनहरुमा आफ्नो जीवन वलिदानी गर्नुहुने यस गाउँपालिका अन्तर्गतका सहिदहरु प्रति श्रद्धासुमन व्यक्त गर्दछु । देशमा विभिन्न समयमा चलेको आन्दोलन र संर्घषहरुमा अङ्गभङ्ग भईघाइते हुनुभएका र वेपत्ता नागरिकहरुप्रति सम्मान प्रकट गर्दछु । राजनीतिक-सामाजिक परिवर्तनमा नेतृत्वदायी र प्रेरणादायी भूमिका निर्वाह गर्ने सबै नेतृत्वगण तथा अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु । यस गाउँपालिकाको चौतर्फी विकासका लागि अहोरात्र चिन्तन मनन गर्नुहुने र सँगैसँगै हातेमालो गर्नुहुने सबै प्रति धन्यवाद प्रकट गर्दछु ।

**सभाअध्यक्ष महोदय,**

यस वर्ष विश्व मानव जातिनै कोरोना महामारीका कारण आक्रान्त भयो, विश्व अर्थ व्यवस्था तहसनहस बन्यो । सयौं देशमा यसको प्रभाव फैलदा विश्वका शक्तिसम्पन्न राष्ट्रहरुनै धरमराए । लाखौं मान्छेहरुले यस महामारीबाट जीवन गुमाउन पुगे र अकल्पनीयरुपमा विश्वभरका मानिसहरु यस महामारीबाट संक्रमित भए र संक्रमित हुने क्रम चलिनै रहेको छ । यस माहामारीबाट बच्न विश्वका कयौं देशहरुले लकडाउन (वन्दावन्दी ) को तरिका अवलम्बन गरे र नेपालले पनि गत चैत्र ११ गतेबाट वन्दावन्दी सुरु गर्‍यौं । यसरी नेपालमा सुरुभएको वन्दावन्दीले संक्रमित हुने दरमा कमी ल्यायो र महामारीबाट देशलाई जोगाउन मुख्य भूमिका निर्वाह गर्‍यो तर लामो समयसम्मदेश वन्दावन्दीमा जाँदा आर्थिक विकासमा परेको चौतर्फी नकारात्मक प्रभावले देश नराम्रोसँग प्रभावित बन्यो । यसको प्रभाव तिनै तहका सरकारहरुलाई परेको छ । तिनै तहका सरकारका कयौं योजनाहरु तथा कार्यक्रमहरु अपुरो हुन पुगे , बजेट अभावका कारण योजना तथा कार्यक्रमहरु सुचारु गर्न समस्या खडा भयो ।

विश्वभर कोरोना माहामारीको प्रभाव रहँदा करोडौं मानिसहरु आफ्नो रोजगारीबाट विमुख बने । यसले विश्वभर मानिसको जीवनमा ठूलै उथलपुथल सिर्जना गरिदियो । भारत लगायतअन्य मुलुकमा रोजगारीका लागि पुगेका लाखौं नेपालीले रोजगारी गुमाउन पुगे र बाध्य भएर नेपाल फर्कनु पर्‍यो । यसरी फर्कनेको संख्या यस गाउँपलिकामा पनि संयौं रहेको छ ।

**सभाअध्यक्ष महोदय,**

विश्वभर फैलिएको कोरोना माहामारीका कारण विदेश र भारतबाट फर्केर रोजगारी गुमाउनपुगेका यस गाउँपालिका भित्रका सयौं युवाहरुलाई रोजगरीमा फिर्ता वोलाउनु, स्थानीय वासीहरुको जीवनयापन सहज वनाउनु, स्वास्थ्य पहुँचको अवस्थामा सुधार ल्याउनु, माहामारीलाई नियन्त्रण गर्नं, कृषि तथा पशु विकास मार्फत आर्थिक स्तरमा बृद्धि गर्नु, पर्यटन प्रर्वद्धन र पूर्वाधारमा लागानी सुनिश्चित गरी आर्थिक गतिविधीमा सकारात्मक परिवर्तन ल्याउनु र बन्दाबन्दीका कारण ऋणात्मक भएको नेपालको अर्थ प्रणालीमा सानो रुपमा भए पनि सकारात्मक सहयोग पुर्‍याउनु यो नीति तथा कार्यक्रमको प्राथमिकता हो ।

**सभाअध्यक्ष महोदय ,**

नेपालको संविधान, २०७२ ले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारतः रुपान्तरण गर्ने क्रममा संघीय शासन व्यवस्थाको मर्म अनुरुपको राजनीतिक, आर्थिक, सामाजिक तथा वित्तीय स्वायत्तता सहितको स्थानीय तहको शासन सञ्चालन गर्न

यस रुन्टीगढी गाउँपालिकामा गाउँ कार्यपालिका तथा गाउँ सभाको गठन भएको कुरा सर्वविदितै छ। सार्वभौमसत्ता सम्पन्न यस गाउँपालिकाका जनताहरुबाट राज्य शक्तिको प्रयोग गर्ने वैधानिकता प्राप्त भएको यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०७७७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म निकै हर्ष विभोर भएको छु।

आगामी आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम तयारी गरिरहदा गाउँपालिकाले गरेका सकारात्मक प्रयासहरु हाम्रा मार्गदर्शनका रुपमा स्थापित रहेका छन् ।यी हाम्रा उपलब्धी पनि हुन् भन्ने हाम्रो ठम्याई छ। **यस अघि सम्पन्न रुन्टीगढी विकास सम्मेलन २०७५ र घोषणा पत्र, राष्ट्रिय अक्षर महोत्सव २०७५, होलेरी राष्ट्रिय मिडिया सम्मेलन २०७६, अभिभावकसँग अध्यक्ष, दातृनिकायहरुसँगको छलफल, निजी क्षेत्रसँग भएको छलफल, संचारकर्मी तथा नागरिक समाज सँको औपचारिक अनौपचारिक विभिन्न पटकको छलफल,गत आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रमका सकारात्मक उपलब्धीहरु, वस्ती तथा वडा स्तरवाट प्राप्त सुझाव, नीति तथा कार्यक्रम, गाउँपालिका अर्न्तगत रहेका विभिन्न शाखा प्रमुखहरुको राय सुझाव,विभिन्न विज्ञ तथा छिमेकी स्थानीय तहका प्रमुखज्यूहरु, यस गाउँपालिकामा क्रियाशील राजनैतिक दलका प्रमुख, जिल्ला स्थित विभिन्न राजनैतिक नेतृत्व, यस जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने र यस जिल्लामा जन्म लिई राष्ट्रिय राजनीतिमा आफ्नो प्रभावकारी उपस्थिति जनाउनुहुने माननीय प्रदेश सांसदज्यूहरु, माननीय प्रदेश मन्त्रीज्यूहरु, माननीय संघीय सांसदज्यूहरु र माननीय संघीय मन्त्रीज्यूहरु**सँगको औपचारिक तथा अनौपचारिक छलफल तथा राय सुझालाई समेत मध्य नजर गरी यो नीति तथा कार्यक्रम तयार गर्ने ईमान्दार प्रयास हामीले गरेको छौं। यसर्थ यो नीति तथा कार्यक्रममा सबै बर्ग, जात, पेशा, धर्म, लिङ्ग, क्षेत्र र समुदायको अपनत्व रहनेछ भन्ने कुरामा हामी सचेत रहेको छौं।

संघीयता र स्थानीय सरकार मार्फत **घरघरमा अधिकार गाउँगाउँमा सिंहदरबार, हाम्रो गाउँ हामी आफैँबनाऔं** जस्ता सिद्धान्तहरुलाई मूर्तरुप दिने जिम्मेवारी सहित आ.ब ०७४/७५ देखि हामी निरन्तर लागी रहेका छौ। यो हाम्रो लागि अवसर र चुनौति दुवै हो। अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको यो नविनतम अवस्थामा हामी हाम्रो भूमिका प्रति इमान्दार छौं। हामीलाई यो अवस्था सम्म ल्याउने प्रमुख वैधानिक आधार नेपालको संविधान २०७२, निर्माण तथा कार्यान्वयनमा प्रत्यक्ष एवं अपत्यक्ष ढंगले भूमिका खेल्नुहुने सबैप्रति सातौ गाउँसभा मार्फत आभार समेत व्यक्त गर्दछु।

रुन्टीगढी गाउँपालिकाको स्थानीय सरकारले यस गाउँपालिकामा सर्वसाधारण **जनताले प्रत्यक्ष अनुभुत गर्ने, पिछडिएको वर्ग, समुदाय तथा क्षेत्रको उत्थान तथा मूल प्रवाहीकरण हुने आम्दानीकाश्रोतहरुमा वृद्धि हुने, रोजगारी सिर्जना हुने, गाउँपालिकाको बहुआयामिक पहिचान स्थापित हुने, कृषि पर्यटन तथा उत्पादनमा व्यावसायिक विकासमा योगदान पुग्ने र विश्वव्यापी माहामारीका रुपमा रहेको कोरोना भाईरस नियन्त्रण गरी जनजीवन सामान्य बनाउने** प्रकृतिका योजना छनौट गर्ने, सहभागितामूलक योजना तर्जुमाका साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित र यस क्षेत्रको माटो तथा हावापानी सुहाउँदो कार्यक्रम एवं विकास गतिविधीहरु सञ्चालन गरी यस क्षेत्रका जनताको जीवनस्तर उकास्ने प्रमुख नीति लिइएको छ।

**उपस्थित सम्पुर्ण महानुभावहरु**

गाउँपालिकाले स्वीकृत गरेको नारा **कृषि, पर्यटन र पूर्वाधार : रुन्टीगढी समृद्धिको आधार** लाईमुख्य आधारशिलाका रुपमा ग्रहण गर्दै आगामी आर्थिक वर्ष२०७७/०७८ लागि कृषि, पर्यटन र पूर्वाधारमा देहाय बमोजिमको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति माग्दछु।

**(क) कृषि तथा पशु सेवा नीति तथा कार्यक्रम :**

- संघीय सरकारले अघि सारेको **संरक्षित कृषि, सुनिश्चित वचत** अभियानलाई हृदयङ्गम गरी यस क्षेत्रको समग्र कृषि विकासमा सहयोग पुगोस् भन्ने हेतुले कृषि सामग्रीमा अनुदान, सस्तो र सुलभ ऋण, कृषि उत्पादन तथा वालीको विमा, किसानलाई प्राविधिक सेवा, न्यूतम बचतको अवस्थामा सहयोग पुग्ने नीति लिईनेछ।
- कृषि योग्य जमिनको खण्डीकरण रोकी एकल, समूह वा सहकारी मार्फत जमिन चक्लावन्दीमा लगी उत्पादनमा बृद्धि गर्ने अवस्थाको सिर्जना हुने नीति लिईने छ।
- गाउँपालिका भित्र रहेका बाँझो जग्गाहरुमा खेती गरी उत्पादन र उत्पादकत्व वढाई पालिका भित्रको प्रतिव्यक्ति आयमा बृद्धि गर्न भूउपयोग कार्यविधि तयार गरी प्रयोग गरिनेछ।
- कोरोना महामारीका कारण श्रृजना भएको संकटको अवस्थाको सामना गर्न विशेष कार्यक्रम लागू गरिनेछ।

- गाउँपालिका अन्तर्गतका नौवटै वडाहरुमा कृषि तथा पशु उत्पादनको सम्भावनालाई व्यवसायीककरण गर्न विभिन्न दातृ निकायसँगको साझेदारीलाई निरन्तरता दिँदै कलष्टर पहिचान गरी योजनाबद्ध तरिकाले कृषि उत्पादनमा लगानी र उत्पादन वढाउने कार्यक्रम निरन्तरता दिईनेछ ।
- प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नेपाल सरकारको नीतिलाई आत्मसात् गर्दै थोपा तथा कुलो सिँचाई, मलखाद, बीउ विजनको उपलब्धता तथा अनुदानमा उल्लेख्य सुधार गरी बजेट विनियोजन गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गत संचालनमा स्थापना गरिने भनिएको प्रदेश मसला अनुसन्धान केन्द्रको कार्यालय आगामी आर्थिक बर्ष २०७७/२०७८ मा स्थापना हुने गरी प्रदेश सरकारसँग पहल गरिनेछ ।
- पालिका भित्रको बाँझो जमिनको एकिन गरी त्यस्ता जमिनहरुमा खेती गर्न उत्साहित हुने गरी कार्यक्रम तय गरिनेछ ।
- पालिका भित्र जमिन बाँझो राख्नेहरुको पहिचान गरी त्यस्तो कार्यलाई निरुत्साहित गर्ने र उत्पादनमा सकारात्मक योगदान गर्ने कृषकहरुलाई पुरस्कृत गर्ने नीति लिईने छ ।
- कृषि तथा पशु विकासका कार्यक्रमहरुमा सहकारीको भूमिकालाई प्रभावकारी बनाउने प्रकृतिका योजनाहरु संचालनमा प्राथमिकतामा राखिनेछ ।
- किसान, निजी क्षेत्र र स्थानीय सरकार बीच करार खेतीको ढाँचालाई प्राथमिकतामा राखी यसको सम्भावनाको खोजि गरिनेछ ।
- पालिका भित्र हैसियत बिग्रेका वनक्षेत्र, खोलाकिनारा वा सार्वजनिक क्षेत्रमा बाँझो रहेको खेती योग्य जमिनमा खेती गर्न स्थानीहरु उत्साहीत हुने खालका कार्यक्रमहरु संचालनमा ल्याइने छ ।
- उपयुक्त मूल्यश्रृंखला स्थापित गर्दै कृषकले आफ्नो उत्पादनको उचित मूल्य र बजारमा पहुँच स्थापित गर्ने सुनिश्चितता गर्न विचौलियाहरुको उपस्थितिलाई निरुत्साहित गरिने छ । यसका लागि समुदाय, कृषक, निजी क्षेत्र, सहकारी, प्रदेश सरकार  र संघीय सरकारसँग साझेदारी गर्दै जाने नीति लिइनेछ ।
- प्राङ्गगारिक खेती विस्तार गरी यस गाउँपालिकाको उत्पादनलाईबजारमा निर्यात गर्न ब्रान्डीङ्ग गरिनेछ । कम्तिमा दुई वटा कलष्टर लाई अर्ग्यानिक कलष्टर घोषण गरिनेछ । यसका लागि गाउँपालिकाको सदरमुकाम होलेरी बजारमा अर्ग्यानिक कोशेली घर स्थापना गरी संचालनमा अनुदानको व्यवस्था गरिनेछ ।
- कृषकहरुकै साझेदारीमा **यस वर्ष कृषिमा एक वटा र पशु विकासमा एकवटा गरी**बढीमा दुईवटा नमूना अर्गानिक कृषि तथा पशु फर्म संचालन गरिनेछ ।
- गाँउपालिका भित्र पशुतथा कृषि उपज संकलन केन्द्र तथा तरकारी वालीका विरुवा उत्पादन गर्नकासाथै खेती स्थल देखि बजारसम्म कृषि सडकको विस्तार गरी कृषकहरुको वजार पहुँच बढाउने र कारोवार लागत घटाउने नीतिलाई आत्मसात् गरिनेछ ।
- सामूहिक खेतीलाई  प्रवर्द्धन गरिनेछ । यस कार्यक्रममा सहभागी हुने कृषकहरुका लागि अनुदान तथा कृषि विमा गर्ने नीति अवलम्वन गरिनेछ ।
- कृषि तथा पशु बिमा कार्यक्रम सम्वन्धी संघीय सरकाले लिएको नीतिलाई यस गाउँपालिका अन्तर्गत पनि लागू गरिनेछ । उक्त कार्य कृषक सचेतना अभियान मार्फत अघि बढाइने छ । गत वर्ष कम्तीमा ४ कलष्टरका कृषकहरुकालागि यस कार्यक्रम संचालन गरिने नीतिलाई निरन्तरता दिईनेछ ।
- कृषि उत्पादनलाई व्यवस्थित गर्न दहवनमा निर्माण भैरहेको शीत भन्डारणको व्यवस्थापन तथा उपयोगमा कृषकहरुको सहभागितालाई प्राथमिकतामा राखिनेछ ।
- एक वडा एक कृषि प्राविधिक कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।
- गाँउपालिका भित्रनगदे वाली तथा तरकारी बालीको पकेट क्षेत्रहरुको सम्भाव्य क्षेत्रको पहिचान गरिनेछ । साथै गाउँपालिका भित्र **कागती उत्पादन र एभोकाडो** उत्पादनलाई व्यवसायिकरुपमा अघि बढाइने नीतिलाई निरन्तरता दिईनेछ ।
- **आधुनिक प्रविधियुक्त कृषि कार्यक्रमलाई** प्रोत्साहित गरिनेछ । गाउँपालिका भित्रका पशुपंछी पालन र कृषिमा लगानी बढाउँदै अण्डा,मासु,तरकारी,दूध खाद्यान्नमा आत्मनिर्भर हुने कार्यक्रमलाई अगाडि वढाइनेछ ।  **कृषकसँग हातेमालो** कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका ३० अगुवा कृषक, समूह वा सहकारीहरुलाईअनुदानमा उन्नत गाई वितरण, वोयर बोका तथा उन्नत भैंसी वितरण गरिनेछ ।
- तरकारी **खेतीमाIPM प्रविधिलाई** प्रोत्साहन गरिने नीतिलाई निरन्तरता दिईनेछ ।
- कृषि पकेट क्षेत्रको आवश्यकता र अगुवा कृषकहरुको उत्पादन क्षमता बृद्धि गर्न एक वडा एक सिँचाई योजना निर्माण गरिने कार्यक्रमलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ ।
- लसुन तथा अदुवा उत्पादनलाई अझ वढि व्यवसायिक बनाउनु प्राथमिकताकासाथ कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय जातका बाखा तथा कुखुरा पालन र उत्पादन कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ ।
- पशुपालनमा सहयोग होस भन्ने हेतु बहुबर्षिय डालेघाँस तथा भुँईघाँस अनुदान कार्यक्रमलाई प्राथमिकताका साथ लागू गरिनेछ ।
- एक वडा एक उत्पादन कार्यक्रमलाई जोड दिईनेछ ।

- नमुनाखोर निर्माण कार्यक्रम लागू गरिनेछ ।
- वडा नं. १ र ३ का तल्लो क्षेत्रमा मह उत्पादन पकेट, वडा नं. ७ र ८ को तल्लो क्षेत्रलाई बेलौती, आँप र मेवा साथै तरकारी उत्पादन पकेट क्षेत्र, वडा नं. ५ र ४ को सम्भावित क्षेत्रहरुमा विउ पकेट क्षेत्र , वडा नं. ६ को सरेचौर निगाल पानी अलैची, किवी , आलु उत्पादन क्षेत्र, वडा नं. ६ कै खारा र वडा नं. ९मा बाख्रा पालन र पकेट क्षेत्रका रुपमा विकास गर्न कार्यक्रम संचालन गरिने छ ।
- उन्नत कृषि, सुनौलो भविष्य कार्यक्रम संचालन गरिनेछ । यस अन्तर्गत कृषक सम्मान तथा प्रोत्साहन, प्राराङ्गारिक मल प्रयोग, माटो परीक्षण, कृषक अनुदान लगायतका कार्यक्रम संचालन गरिनेछ ।
- विज्ञहरुसँगको सल्ला र सुझाव संकलन तथा परामर्श पछि यस गाउँपालिका भित्र लागू हुने गरी कक्षा ६ देखि कक्षा १० सम्म स्थानीय कृषि विषयको पाठ्यक्रम संचालन गरी लागू गरिनेछ ।
- **कृषकका लागि प्रविधि हस्तान्तरण** कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका नौवटै वडाका पकेटक्षेत्र भित्रका अगुवा कृषकहरुलाई हाते ट्याक्टर लगायतका आधुनिक सामग्री वितरण कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।
- **गोठ देखि ओठ कृषकलाई नोटैनोट कार्यक्रम**लाई यस वर्ष पनि निरन्तरता दिइने छ ।
- **वोयर बोका श्रोत केन्द्र स्थापना, उन्नत जातको कुखुरा पालन कार्यक्रममा**बजेट विनियोजन गरिनेछ ।
- **देशका विभिन्न स्थानमा सुरु गरिएको व्यवसायिक कालिज पालनलाई**नमूनाकारुपमा बजार क्षेत्रलाई प्राथमिकतामा राखी अनुदानमा संचालन गरिने व्यवस्था मिलाइने छ ।
- गाउँपालिका भित्र रहेका बाँझो जग्गाहरुको एकीकृत तथ्याङ्क संकलन गरी सोको पूर्ण उपयोगको व्यवस्था मिलाउन भूमि बैङ्कको अवधारणा कार्यान्वयन गर्न सहजीकरण गरिनेछ । यस्तो कार्यलाई प्रोत्साहन गर्न कर सहुलियत तथा अनुदान लगायतका व्यवस्था मिलाउने नीति लिईनेछ ।

**(ख) पूर्वाधार नीति तथा कार्यक्रम :**

- यस क्षेत्रको पहिचान, समृद्धि र आवश्यक्ता वोधगरी गत आर्थिक वर्ष २०७६/०७७ देखि सुरुवात भएको**रुन्टीगढी गौरवका योजनाहरु**संचालन गर्ने नीतिलाई आगामी आर्थिक वर्ष २०७७/२०७८मा पनि संघीय सरकार, प्रदेश सरकार र अन्य दातृ निकायहरु समेतको साझेदारीमा निरन्तरता दिईनेछ ।

  **रुन्टीगढी गौरवका योजनाहरु:**

  १) होलेरी जुरनेटा शहरी विकास कार्यक्रम ।
  २) रुन्टी क्षेत्र वृहत्तर विकास कार्यक्रम । (सडक तथा अन्य पूर्वाधार )
  ३) रुन्टीगढी सुरक्षित जनता आवास कार्यक्रम
  ४) होलेरी एकीकृत विकास कार्यक्रम
  ५) शिक्षित नानी, शिक्षामा लगानी
- होलेरी एकिकृत विकास कार्यक्रमको क्षेत्र विस्तार गरिनेछ ।
- होलेरी क्षेत्रलाई हिल स्टेसनका रुपमा विकास गर्ने प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ कार्यक्रममा साझेदारी गरिनेछ ।
- योजना छनौट गर्दा योजनाहरुको सम्भाव्यता अध्ययन र प्राविधिक लागत अनुमान गरेर योजना छनौट गर्ने विधिलाई आगामी आर्थिक वर्ष देखि सुरुवात गरिनेछ ।
- योजना छनौट गर्दा टुक्रेरुपमा गर्ने पद्धतिलाई निरुत्साहित गर्दै ठूला र दिर्घकालीन महत्त्व राख्ने योजनाहरुको छनौटमा प्राथमिकता दिईनेछ ।
- योजना तथा पूर्वाधार निर्माण गर्दा स्थानीय स्तरमा उपलव्ध हुने श्रोत र साधनको प्रयोग हुने खालका योजनाहरुलाई प्राथमिकतामा राखिनेछ ।
- योजनाको पारदर्शिता, उपयोगितालाई ख्याल गर्दै प्रत्येक वडाहरुमा उपभोक्ताहरुका लागि अभिमुखीकरणकार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका भित्र पालिकावा अन्य निकायबाट निर्माण गरिने सार्वजनिक पूर्वाधारका संरचनाहरु अपाङ्ग मैत्री निर्माण गरिने छ । यस्था पूर्वाधारहरु महिला मैत्री तथा वालवालिका मैत्री निर्माण गर्दै लगिनेछ ।
- वस्ती विकास तथा भवन मापदण्डलाई प्राथमिकताकासाथ लागू गरिनेछ ।

- योजना कार्यान्वयनमा आगामी आर्थिक वर्ष २०७७/२०७८ देखि  पुरस्कारको व्यवस्था गरिने छ । गुणस्तरीयरुपमा तोकिएको समय सिमा भित्र योजना सम्पन्न गर्ने उपभोक्तालाई सोही योजनामा रकम खर्च गर्नेगरी रकम थप गरिनेछ । साथै समितिका पदाधिकारीहरुलाई समेत व्यक्तिगतरुपमा पुरस्कृत गरिनेछ ।
- सडक मर्मत तथा स्तरोन्नतीमा बर्षेनी लाखौं रुपैया खर्च भैरहेको अवस्थामा रहेको र वर्षात पछि प्रत्येक वर्ष सडक मर्मतकार्य दोहरीरहने भएकाले आगामी आर्थिक वर्ष मा १ थान जे.सि.भि./डोजर र एक थान ट्र्याकटर खरिद गरी मर्मत सम्भारको कार्यालाई सहज र व्यवस्थित तुल्याईनेछ ।
- संघीय सरकाराबट प्राथमिकताका साथ निर्माण भैरहेको सहिद मार्ग र प्रदेश सरकारबाट पूर्व पश्चि निर्माण प्रस्ताव गरिएको  जीवराज कृष्णसेन मार्गले गाउँपालिकालाई बीच भागबाट चिरेर गएको र  होलेरी बजारलाई दुवै सडकले प्लस विन्दुका रुपमा क्रस गरेको हुँदा उक्त दुई सडकलाई गाउँपालिकाको मुख्य सडक पूर्वाधारको रुपमा लिदै उक्त सडकहरुसंग जोडिनेगरी अन्य सहायक सडक निर्माण गर्दै लगिने नीतिलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिईने छ ।
- योजना अनुगमन तथा निरीक्षणलाई सहज बनाउन तथा कार्यालयका अन्य कामलाई सहज तुल्याउन आगामी आर्थिक बर्षमा १ वटा बोलेरो पिकअप जीप तथा आवश्यक अन्य साम्रगी खरिद प्रक्रिया अगाडि वढाईने छ ।
- कोरोना माहामारीका कारण निर्माण कार्य सुरुवात भएर विचमै रोकएका योजनाहरुको आवश्यकता र प्रभावकारिता हेरी निरन्तरता दिने निति लिईनेछ ।
- रुन्टीगढी गाँउपालिकाको दश वर्षे रणनैतिक विकास योजना निर्माणगरी आगामी दश वर्षभित्रमा रुन्टीगढी गाँउपालिकाले संचालन गर्ने विकासका र लागानीका क्षेत्रहरुको स्पस्ट पहिचान गरिनेछ ।
- गाउँपालिकाको बृहत्तर सडक गुरु योजना (RMTMP) तयार गरी सडक पहिचान र प्राथमिकता क्रम निर्धारण गरी वजेट विनियोजन गरिनेछ ।
- गाउँपालिका भित्र गाउँपालिकाबाट वा अन्य निकायबाट निर्माण गरिने सबै प्रकारका पूर्वाधारहरुलाई वालबालिका, जेष्ठ नागरिक, महिला र अपाङ्गता मैत्री निर्माण गर्न पहल गरिनेछ ।
- छरिएर रहेको वस्तीहरुमा राज्यले उपलव्ध गराउनु पर्ने सेवासुबिधा उपलव्ध गराउन कठिन र खर्चिलो भएको, भौगोलिक हिसाबले कमजोर स्थानमा रहेका वस्तीहरुलाई स्थानान्तरण गरिने नीति लिइने छ । नमूनाका रुपमा आगामी आ.ब.मा गाउँपालिका भित्र सम्भावित स्थानमा नमुना एकीकृत वस्ती स्थापनाका विषयमा सम्भाव्यता अध्ययन गरिनेछ ।
- शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ को पूर्ण पालनामा जोड दिईनेछ । आवश्यक कार्यविधि तर्जुमा गरी यसैआ.व. देखि कार्यन्वयनमा लगिनेछ । गाउँपालिका अन्तर्गत  निर्माण भएका भवनहरुको अभिलेखीकरण र नयाँ निर्माण हुने भवनहरुको नक्सा पास गरी निर्माण इजाजत पत्र दिने कार्यलाई निरन्तरता दिईने छ ।
- सयुंक्त लगानीमा निर्माण गर्न सकिने  अतिथि गृह, प्राविधिक शिक्षालय, प्राकृतिक उपचार केन्द्र जस्ता परियोजना संचालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।
- यस  गाउँपालिका क्षेत्रभित्र रहेका होलेरी बजार,चौखे बजार ,सुर्पाल बजार र गौरीनेटा बजारलाई व्यवस्थित शहर बनाउन पहल गरिनेछ । उल्लेखित बजारहरुको डिपिआर निर्माण कार्य सुरु गरिनेछ । माथि उल्लेखित भए बमोजिम यसको सुरुवात होलेरी बजार क्षेत्रबाट गरिने छ ।
- बजार क्षेत्र भित्र सौर्य सडक वत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।  यसका लागि प्रदेश मन्त्रालय र संघीय जलश्रोत, सिँचाइ तथा उर्जा मन्त्रालयसँग साझेदारी गरिनेछ ।
- गाउँपालिकाबजारक्षेत्र भित्रका घरहरुमा क्रमशः कलर कोड कार्यक्रम लागू गर्ने र हरेक घरमा कलरमा एकरुपता लिई शहरको सौन्दर्यता बढाइनेछ । जसले पर्यटन प्रवर्द्धनमा सहयोग गर्नेछ भन्ने विश्वास लिएको छ ।
- योजना कार्यान्वयनमा पारदर्शिता कायम गर्न गाउँपालिका भित्र निर्माण गरिने दश लाख भन्दा माथिका योजनाहरु विद्युतिय खरिद प्रणाली मार्फत कार्यान्वयन गरिनेछ ।
- प्रदेश र संघीय सरकारबाट प्रात समपुरक तथा विशेष अनुदानका योजनाहरुलाई क्रमागतरुपमा कार्यान्वियन गर्न प्राथमिकता दिईनेछ ।
- कार्यदक्षतामा बृद्धिगरी योजना कार्यान्वयनमा सहजता र सरलता ल्याउन गाउँपालिका भित्रका प्राविधिक जनशक्तिहरुलाई प्रविधि र उपकरणउपलव्ध गराई  तालिम तथा सेमिनारहरुको आयोजना/सहभागी गराई क्षमता विकास  गर्दै लगिनेछ ।

- योजना कार्यान्वयनमा उच्चतम प्रतिफल प्राप्त गर्नका लागि प्राविधिक जनशक्तिको मनोवल उच्च राख्न आवश्यक महशुस भएको छ । त्यसका लागि प्राविधिक जनशक्तिलाई विभिन्न प्रकारका प्रोत्साहनका अवसरहरु प्राप्त हुनेखालका कार्यक्रमहरु तय गरिनेछ ।
- गाउँ पालिकाका प्राथमिकतामा रहेका सडक, खानेपानी, सिँचाई र फोहोर व्यवस्थापन लगायत क्षेत्रको सम्भाव्यता अध्ययन गरी योजना बैंक निर्माण गरेर योजना कार्यन्वयनका लागि प्रदेश मन्त्रालय, संघीय मन्त्रालय तथा अन्य दातृ निकाय सँगको साझेदारीलाई प्राथमिकता दिइनेछ ।
- गाउँपालिका भित्र संचालन हुने सबै प्रकारका खानेपानी योजनाहरुमा  एक घर एक खानेपानीको धारा नीतिलाई लागू गरिनेछ । होलेरी खानेपानी योजनालाई आगामी आ.ब.को मध्य सम्ममा उपभोक्तालाई हस्तान्तरण हुने गरी द्रुत गतिमा निर्माण कार्य सम्पन्न गर्न सहजीकरण गरिनेछ ।
- ३ वर्षभित्र रुन्टीगढी गाँउपालिकाका भित्रका सवै घरमा बिजुली बत्ती पुऱ्याउने लक्ष्य अनुरुप आगामी २ वर्ष भित्र सबै बस्तीहरुमा विद्युतीकरण गरिनेछ ।
- मुख्य वजार क्षेत्र भित्र क्रमशः सडक सुधार गरी चौडा गर्दै, ढल तथा नाला निर्माण कार्य थालनी गरिनेछ ।
- गाँउपालिका भित्रका पूर्वाधार निर्माण गर्दा वडास्तरीय, नगरस्तरीय र प्रदेश/संघस्तरीय योजना गरी ३ तहमा वर्गिकरण गरी  कार्यान्वयन गरिनेछ । साथै योजनाहरुलाई तत्काल गर्नुपर्ने, वहु वर्षियरुपमा गर्नुपर्ने र आवधिक रुपमा गर्नुपर्ने गरी प्राथमिकीकरण गरिने छ ।
- पूर्वाधारका योजनाहरुबाटकटाइने कन्टेनजेन्सीबाट१ प्रतिशत बजेट मर्मत सम्भार कोषमा राखिनेछ ।
- गाउँपालिका भित्रका  यातायातलाई व्यवस्थित र सुरक्षित वनाईनेछ । साथै मापदण्ड तोकी रुट परमिटको व्यवस्था गरिनेछ ।  आगामी आ.ब. देखि होलेरी बजारको यातायात पार्किडलाई व्यवस्थित गर्दै  होलेरी बजारमा बसपार्क निर्माण गरिने छ । सडकमा हुँदै आएका पार्किङ निषेध गरिने छ ।
- छिमेकी स्थानीय तहहरुसँगको साझेदारीमा पूर्वाधारका विभिन्न योजना तथा कार्यक्रम संचालन गरिने छ ।
- गाउँपालिका केन्द्र देखि वडा केन्द्र सम्म बाह्रै महिना यातायातमा सुचारु हुने गरी सडक सुधारको कार्य गरिनेछ । यसका लागि सबै सडकहरुको डीपीआर तयार गरी कार्यान्वयन गरिनेछ ।
- वडा कार्यालय भवन नभएका वडामा कार्यलय भवनको निर्माण गर्ने कार्य आगामी आ.ब.मा समेत निरन्तरता दिइनेछ ।

**ग) पर्यटन नीति तथा कार्यक्रम :**

- रुन्टीक्षेत्रको बृहत गुरुयोजना आगामी आ.ब.मा निर्माण गरि भौतिक पूर्वाधार निर्माणको कार्य अगाडि वढाइने छ । महाप्रभुको मुर्ति स्थापनाको कार्यलाई यस वर्ष प्राथमिकतामा राखिने छ । उल्लेखित कार्यक्रमका लागि बजेट पूर्वाधार शिर्षकबाट विनियोजन गरिनेछ ।
- आन्तरिक एवं वाह्य पर्यटक भित्रयाउन सहयोग पुग्ने प्रकृतिका प्रचारात्मक र  प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ । पर्यटकको होलेरी बसाइँको समय लम्ब्याउन होटल व्यवसायी, यातायात व्यवसायी तथा बजारवासीहरुलाई  विभिन्न अभिमुखीकरण तालिमहरु प्रदान गरिनेछ ।
- होलेरी क्षेत्रमा रहेका पर्यटकीय क्षेत्रहरु स्वर्गद्वारी महाप्रभुको तपोभुमि तथा ऐतिहाँसिक गढी रहेको गढी क्षेत्र, शिव पार्वती गुफा, पहिलो पटक प्रहरी चौकी आक्रमण गरी  जनयुद्ध सुरु भएको स्थान, शान्ति प्रक्रिया सुरुभएपछि जनमुक्ति सेनाहरु बसेको क्यान्टोन्मेन्ट, द्वन्द्वको समयमा निर्माण सुरुभई हाल यस क्षेत्रको मेरुदण्डको रुपमा रहेको सहिद मार्ग लगायतका क्षेत्रको समुचित र समग्र विकासका लागि डिपिआर निर्माण गरी पर्यटन प्रवर्द्धनको कार्य तिव्ररुपमा अगाडि वढाइने छ । गढिलेक क्षेत्रलाई पुरातत्व विभागसँगको साझेदारीमा उत्खनन् र अभिलेखीकरण गरिनेछ ।
- भारत देखिने मुरुल्ले लेक, खस्रे रकहिल पार्क र हुलाकी डाँडालाई प्राकृतिक शुन्दरता नविग्रने गरी पूर्ण प्राकृतिक पर्यटकीय स्थलको रुपमा विकास गर्न डीपिआर तयार गरी पुर्वाधार निर्माणका लागि निजि क्षेत्र, प्रदेश तथा संघीय मन्त्रालयसँग साझेदारी गरिनेछ । साथै उक्त क्षेत्रहरुको बृहत्तर विकास तथा संचालनका लागि निजी क्षेत्रहरुसँग प्रस्ताव आह्वानगरी प्रतिस्पर्धाको आधारमा कार्यान्वयन गर्दै लगिनेछ ।

- आगामी आर्थिक वर्ष २०७७/२०७८ देखि सरेचौर एकीकृत पर्यटन पूर्वाधार कार्यक्रम संचालन गरिनेछ । यसका लागि डीपीआर तयार गरी प्रदेश सरकार तथा संघीय सरकारको साझेदारीमा यस आर्थिक वर्षमा बजेट विनियोजन गरी गुरुयोजना निर्माण गरिनेछ ।
- दाङछिरीलाई पर्यटकीय परम्परागत वस्ती सुधार कार्यक्रम मार्फत संरक्षण गरिनेछ ।पर्यटन विकासको सम्भावनालाई हेर्दै**रिफ्रेस प्वाईन्टको** रुपमा विकास गरिनेछ यसका लागि डीपीआर तयार गरी प्रदेश सरकार र संघीय सरकारको साझेदारीमा बजेट व्यवस्था गरिनेछ ।
- तत्कालीन द्वन्द्व, प्राकृतिक सुन्दरता, सांस्कृतिक सम्पदा, मेला पर्वहरु तथा स्थानीय रिति रिवाजको संरक्षण तथा प्रर्वद्धनका लागि खुला संग्राहलयको अवधारण अगाडि सारिएको छ । यस अवधारणा बमोजिम आगामी आ.ब.बाट पूर्वाधार निर्माणको कार्य गरिनेछ ।
- गाउँ पालिका अन्तर्गत विभिन्न वडाहरुमा रहेका पर्यटकीय क्षेत्रहरु मछिन्द्रनाथ गुफा,उमा गढीलेक, मैचन्ने सिद्धेश्वरी लेक, चिन्नेथान लेक, राङजात वाखधुरी लेक लगायतका पर्यटकीय क्षेत्रहरुको विकास गरिनेछ ।
- आन्तरिक पर्यटनका लागि वाडा नं. ६ मा निर्माणधिन अवस्थामा रहेको शान्ति पार्क निर्माणका लागि बजेट विनियोजन गरिने छ ।
- स्वर्गद्वारी दर्शन र यस क्षेत्रमा रहेका अन्य पर्यटकीय क्षेत्रहरुको भ्रमणमा आउने पर्यटकका लागि वडा नं. ९ को चिन्नेपानी गाउँ, वडा नं. ५ को सैबाङ गाउँ, वडा नं. ४ को मसिना गाउँ र वडा नं. ६ को निगालपानी गाउँमा घरबास कार्यक्रम (होमस्टे) को सम्भाव्यता अध्ययन गरिनेछ । आगामी आ.ब. देखि कम्तिमा रुन्टी र स्वर्गद्वारीलाई लक्षित गरी २ वटा होमस्टे संचालन गरिने छ ।
- विश्व सूचनाको युगमा प्रवेश गरेको यो शताव्दीमा रुन्टीगढी क्षेत्रको पर्यटकीय संभावनालाई विश्व सामु चिनाउनु होलेरीमा होलेरी पर्यटन सूचना केन्द्र आगामी आ.ब. देखि संचालन गरिने छ र उक्त सुचना केन्द्रका लागि वजेट विनियोजन गरिने छ ।
- **हामीले हेर्नुपर्छ हाम्रो गाउँ, रुन्टीगढी घुम्न जाउँ** भन्ने नाराका साथ आन्तरिक तथा बाह्य पर्यटकलाई रुन्टीगढी क्षेत्रमा भ्रमण गर्न प्रेरित गर्न सहयोग पुग्ने कार्यक्रम संचालन गरिने छ । यसका लागि बजेट विनियोजन गरिने छ ।
- माउन्टेन साइकिलिङ, प्यारागलाइडीङ र रक कलाइमिङ जस्ता साहसिक खेलहरुको सम्भाव्यता अध्ययत गरिनेछ । यी मध्य सम्भावित कुनै एक खेलको राष्ट्रिय प्रतियोगिता संचालन गरिनेछ ।
- यस क्षेत्रको कृषि उत्पादन, संस्कृति, संस्कार, रितिथिति र भेष भुषाको सर्म्वद्धन र यस क्षेत्रमा रहेका कृषि उत्पादन तथा जडीवुटीहरुको प्रर्वद्धन हुनेगरी गत वर्ष सम्पन्न गर्ने भनिएको**रुन्टीगढी कृषि तथा जडिबुटी महोत्सव २०७७ आगामी** वर्ष संचालन गरिनेछ ।
- पर्यटकीय शुन्दरता र यस क्षेत्रको बहुआयामिक महत्वलाई व्यापक गर्न विद्युतीय तथा छापा माध्ययमबाट विभिन्न प्रचार सामग्री तयार गरिनेछ । हिन्दी, नेपाली र अंग्रेजी भाषामा पोस्टर, बुकलेट, भिडीयो डकुमेन्ट्री निर्माणको कामलाई निरन्तरता दिईनेछ ।
- यस क्षेत्रको लोकप्रिय संस्कृति तथा परम्पराको अध्ययन गरिने छ । वडा नं. ९ मा रहेको लोपोन्मुख जाती **कुसुण्डाको** संरक्षण तथा भाषा र भेष भूषा जगेर्ना गर्ने कार्य गरिनेछ ।
- वर्षभरी रुन्टीगढी क्षेत्रलाई क्यामेरामा कैद गरेर एक्सप्लोर रुन्टीगढी २०२१कार्यक्रम संचालन गरिने छ । राजधानी, प्रदेश राजधानी तथा छिमेकी जिल्लाहरुमा विभिन्न संचारकर्मी, नेपाल सरकारका उच्च पदस्थ व्यक्तिहरु तथा विज्ञहरुको सहभागिता प्रदर्शनी गरिने छ । यस कार्यमा पर्यटन वोर्ड र मन्त्रालयहरुसँग साझेदारी गरिनेछ । साथै विभिन्न **संचार माध्यमहरुमा तस्वीर चित्रहरु फिचरहरु प्रकाशन गरिने कार्यलाई निरन्तरता दिइने छ ।**
- प्रदेश सरकारको साझेदारीमाहोलेरी क्षेत्रलाई हिल स्टेसनका रुपमा विकास गर्दै लगिने छ । यस क्षेत्रमा सुविधा सम्पन्न होटेल, रेस्टुराँ तथा रिसोर्टहरु संचालन गर्नका लागि निजी क्षेत्रसँग साझोदारी गरिने छ ।
- स्वर्गद्वारी महाप्रभुको जीवनसँग जोडिएका सम्भावनाहरुलाई उजागर तथा सदुपयोग गर्दै पर्यटन विकासको बहुआयामीक संभावनालाई सदुपयोग गरिने छ । यसका लागि वजेट विनियोजन गरिने छ ।

- यस गाउँपालिकामा विद्यमान धार्मिक तथा सांस्कृतिक सम्पदाहरुलाई स्वर्गद्वारी तथा दाङ्ग र सल्यान तथा छिमेकी अन्य जिल्लासँग आबद्ध गरी पर्यटन सर्किटको रुपमा विकास गरिने छ ।
- होलेरीलाई रिफ्रेस सेन्टर , कन्फ्रेन्स हव, अर्ग्यानिक टेष्टसेन्टर, प्राकृतिक उपचार केन्द्र तथा आध्यात्मिक साधना स्थलको रुपमा योजना तयारी गरी कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय मेला पर्व तथा जात्राहरुको संरक्षण गरिनेछ । यसका लागि यस आगामी वर्ष बजेट विनियोजन गरिनेछ ।
- हरेक वर्ष यस गाउंपालिकामा सम्पन्न हुँदै आएको राष्ट्रिय स्तरका कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिईने छ ।

**<u>उपस्थित सम्पूर्ण महानुभाव हरु</u>**

हामीले मुख्य प्राथमिकताकारुपमा निर्दिष्ट गरेका पूर्वाधार विकासका क्षेत्रहरु कृषि, पर्यटन र पूर्वाधार जस्तै सामाजिक विकासको क्षेत्र पनि उस्तै महात्वपूर्ण र आधारभूत आवश्यकतामा पर्दछ ।
यस वर्ष विश्वभरी फैलिएको कोरोना भाइरसको महामारीले स्वास्थ्य क्षेत्रको संवेदनशीलता हामी सामू छर्लङ्ग छ । यो विशेष अवस्थामा स्वास्थ्य क्षेत्रमा विशेष प्राथमिकताका साथ बजेट विनियोजन गरिनेछ ।
शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, जेष्ठ नागरिक तथा लक्षित वर्ग शिर्षकमा समावेशीताको शर्तका आधारले मात्र पूर्वाधार विकासको मात्र कल्पना गर्न सकिन्छ भन्ने तथ्यलाई गाउँपालिकाले आत्मसात् गरेको छ । यसै तथ्यलाइ आधार मान्दै देहाय बमोजिमको नीति तथा कार्यक्रम पेश गर्ने अनुमति माग्दछु ।

**<u>(घ) स्वास्थ्य नीति तथा कार्यक्रम</u>** :

- अस्पताल सम्म सबैको पहुँच होस भन्ने अभिप्रायका साथ आगामी वर्ष गाउंपालिकाले आवश्यक विधि निर्माण गरी समूह,सहकारी निजी क्षेत्रको साझेदारीमा एम्बुलेन्स संचालन गरिने छ ।
- सबै वडामा नमूना स्वास्थ्य चौकी कार्यक्रमलाई निरन्तरता दिईने छ । यस कार्यक्रम अन्तर्गत पूर्वाधार विकास तथा जनशक्ति विकासमा जोड दिइने छ । यसको सुरुवात आगामी आर्थिकमा वडा नं. ४, ५ र ६ बाट गरिने छ । साथै गाउंपालिका बाट स्थापना गरिएका सामुदयिक स्वस्थय केन्द्र हरुको पूर्वाधार सुधार गरिने छ ।
- खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थयसँग सम्बन्धित आधारभूत सेवा सुविधालाई प्रभावकारीरुपमा परिचालन गर्न महिला स्वास्थय स्वयंसेविकाहरुलाई परिचालन गर्न आवश्यक बजेट व्यवस्था गरिने छ ।
- अस्पताल, स्वास्थय चौकी तथा स्वास्थ्य एकाईबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लागाएतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी, उपकरण तथा स्वास्थय सामग्रीको लागि आवश्यक वजेट व्यवस्था गरिनेछ ।
- कोभिड १९ माहामारी रोकथामका लागि खटिने स्वास्थयकर्मी ,सुरक्षाकर्मी, जनप्रतिनिधि र कर्मचारीहरुको सुरक्षाका लागि स्वास्थय तथा सुरक्षा सामग्री खरिद गरिने छ । यसका लागि विपद् व्यवस्थापन कोषमा उल्लेख्य रकम विनियोजन गरिनेछ ।
- कोभिड १९ बाट प्रभावितहरुको लागि उपचारका लागि आईसोलेसन स्थापना गरिनेछ । साथै क्वारेन्टाइनहरुलाई व्यवस्थित गरिने छ ।
- गाउँपालिका भित्रका विभिन्न स्वास्थय संस्थाहरुमा क्रमशः ल्याव सेवा विस्तार गर्दै लगिने छ ।
- कोभिड १९ तथा अन्य माहामारीका विरुद्ध जनचेतनामुलक कार्यक्रम संचालनका लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।
- कोभिड १९ को माहामारी वा अन्य कारण विद्यार्थी, गर्भवती महिला, जेष्ठ नागरिक अपांगता भएका व्यक्ति, डिप्रेसनमा रहेका तथा मनोसामाजिक परामर्श आवश्यक पर्ने व्यक्तिहरुलाई मनोपरामर्श सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिने छ ।
- दुर्गम र विकट क्षेत्रहरुमा सामुदायिक स्वास्थ्य इकाइ स्थापना गर्ने गत आ.ब.को कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- संचालनमा रहेका बर्थिङ सेन्टरहरुमा आवश्यक पूर्वाधार तथा स्वास्थ्यकर्मीहरुको व्यवस्था गरिनेछ ।
- जिल्ला भित्र वल्ड बैंङ्क स्थापना गरिने कार्यमा साझेदारी तथा सहयोग गरिनेछ ।
- महिला स्वंसेबिकहरुलाईप्रोत्साहन स्वरुप खाजा तथा यातयात खर्च ब्यबस्था मिलाइने छ ।
- गाउंपालिकाको केन्द्रमा निर्माण भएको१५ शैयाको अस्पतालको भौतिक पूर्वाधार, उपकरण तथा प्रविधि, एम्बुलेन्स, जनशक्ति विकासका लागि उल्लेख्य बजेट व्यवस्था गरिनेछ । छुट्टै कार्यविधि निर्माण गरी अस्पताल व्यवस्थापन समितिचयन गरिने छ ।

अस्पताल हाता भित्र सस्तो औषधि पसल संचालन गरिने छ। आगामी आर्थिक वर्षको सुरुवात देखि गाउँपालिकाले आर्थिक भार व्यहोर्ने गरी एक एमविविएस डक्टर करार सेवामा नियुक्ति गरीनेछ।

- स्वास्थ्य र सरसफाई सम्बन्धि जनचेतना अभिवृद्धि गरी HIV/AIDS , लागू पदार्थ तथा दुर्व्यसनी, धुम्रपान, मध्यपान प्रयोगलाई गाउँ वस्तीहरुमा निरुत्साहित गरिने छ। यस कार्यमा महिला समूह, महिला स्वास्थ्य स्वयंसेविका, आमा समूह, वाल क्लव, युवा क्लवहरुलाई सक्रिय गरिने छ। यस कार्यमा विभिन्न स्वास्थ्य संस्था दातृ निकाय, गैरसरकारी संस्थाहरुहरु सँगको सहयोग, समन्वय र साझेदारी गर्ने नीति निरन्तर अवलम्बन गरिनेछ।
- गाउँपालिका भित्रका सबै उमेर समुहका जनसख्याको आधारभूत व्यक्तिगत स्वास्थय विवरणको अभिलेख राख्ने गरी वजेट विनियोजन गरिने छ। **रोग विरुद्धको चेतना व्यक्ति व्यक्तिमा : रोगको उपचार वस्ती वस्तीमा**अभियान नौ वटै वडाहरुमा संचालन गरिने छ।
- जेष्ठ नागरिक, अपाङ्ग, असहाय, सहिद परिवारको लागि निशुल्क अध्यक्ष स्वास्थ्य उपचार कोष स्थापना गरिने छ। यसको लागि कार्यविधि तयार गरीकार्यान्वयन गरिने छ।
- सुत्केरी उद्दार तथा प्राकृतिक प्रकोपबाट तत्काल उद्दार गर्ने कार्यमा सहजता होस भन्ने हेतु होलेरीमा संघीय सरकार, प्रदेश सरकारको साझेदारीमा हेलिप्याड निर्माण गरिने छ।
- वालवालिकालाई लक्षित गरी**पोषणयुक्त आहार : शिक्षा,प्यार र स्याहार** कार्यक्रम लागू गरिनेछ यस अन्तर्गत बालबालिकाको स्वास्थ्य, शिक्षा तथा पोषणमा सुधार गर्ने कार्यक्रम संचालन गरिने छ।
- **सबै भन्दा पहिला विकासमा महिला** कार्यक्रम संचालन गरिने छ। यस कार्यक्रम अन्तर्ग समुदाय स्तरमा रहेका आमा समुहलाईस्वास्थ्य उपचार, प्रसुति सेवा, किशोरी शिक्षा साथै वाल विवाह विरुद्ध लगायतका सामाजिक अभियानहरुमा परिचालन गरिने छ। उल्लेखित कार्यक्रका लागि वजेट विनियोजन गरिनेछ।
- **उपाध्यक्ष शुन्य होम डेलिवेरी** कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिईने छ। उक्तकार्यक्रममा आमा समूहलाई परिचालन गर्ने नीति लिइने छ।
- विभिन्न विशेषज्ञ तथा आँखा शिविर वर्षमा १ पटक गाउँपालिकाको केन्द्रमा संचालन गरिनेछ।
- क्षयरोग तथा कुष्ठ रोग नियन्त्रण तथा निवारण गर्न राष्ट्रिय नीतिलाई अवलम्वन गरिने छ। क्षयरोग नियन्त्रण गर्न रोगी पहिचान गरी समुदायमा पुगी औषधि खुवाउने नीति लिईने छ। यस अभियानलाई नतिजामुखी बनाउन टिभी क्याम्प संचालन गरिने छ।
- पोषण कार्यक्रम मार्फत मानिसको स्वास्थ्य स्थिति सुधार गरी स्वास्थय नागरीक, स्वास्थ समाज निर्माण गर्न पोषण युक्त वडा घोषणा कार्यक्रम संचालन गरिनेछ।
- स्वच्छ परिवार सुखको आधार कार्यक्रम मार्फत टोल वस्ती सरसफाई अभियान संचालन गरिने छ। सरससफाई सुचकांकलाई व्यवहारमा लागू गरिने छ।
- सुखी परिवार समृद्धिको आधार भन्ने नारालाई मध्यनजर गरी परिवार नियोजन कार्यक्रमलाई व्यवस्थित गर्न परिवार नियोजनका पाँचवटै सूचकहरुलाई सर्वसुलभ बनाईने छ।
- सुरक्षित गर्भपतन सेवा कार्यक्रम विस्तार गरी महिलाको सुरक्षित गर्भपतन गर्नपाउने अधिकारलाई सुनिश्चित गरिने छ।
- खोप कार्यक्रमलाई प्रभावकारी बनाउन गुणस्तरीय खोप कार्यक्रमको अपरिहार्यतालाई मध्यनजर गरी खोप कोल्चेन सव सेन्टर मापदण्ड विस्तार गरिने छ। यसको लागि चाहिने जनेरेटर र डीप फ्रिज आदिको व्यवस्थाका लागि बजेट विनियोजन गरिनेछ।
- स्वास्थ्य सम्वन्धी सूचना तथा कार्यक्रमहरु संचार माध्यमहरुमा प्रकाशन तथा प्रशारण गरिने छ।
- विद्यालयहरु तथा समुदायहरुमा प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, वाल विवाह, सुरक्षित गर्वपतन जस्ता विषयहरुको सूचना प्रवाह गर्न तथा अभिमुखीकरण गरी व्यवाहरमा लागू गर्न सहयोग पुग्ने नीति अवलम्वन गरिनेछ।
- नागरिकहरुलाई घर दैलोमा विशेषज्ञ सेवा पुऱ्याउन महिला, वालवालिका, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरुका लागि विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ।
- गाउँपालिका केन्द्रमा एकवटा आयुर्वेद स्वास्थ्य उपचार तथा योग केन्द्र संचालनका लागि आवश्यक पहल गरिनेछ। यसका लागि सम्वन्धित निकायसँग समन्वय तथा साझेदारी गरिनेछ।

- महिला किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थालाई सुधारल्यान बहुक्षेत्रीय पोषण योजनालाई कार्यान्वयनमा ल्याइनेछ । गाउँपालिका तथा वडाहरुको बजेटमा पोषण योजना कार्यान्वयनका लागि साझेदारी गरिनेछ । र आगामी आर्थिक वर्षमा पालिका स्तरीय पोषण योजना निर्माण गरिनेछ ।

**(ङ) शिक्षा, यूवा तथा खेलकुद नीति :**

- कोभिड १९ को माहामारीका कारण विद्यालय वन्द रहेको अवस्थामा संघीय सरकारले तोकेको मापदण्ड बमोजिम वैकल्पिक विधिको प्रयोग गरी पठनपाठन सुचारु गरिने छ ।
- सामाजिक दुरी कायम गरी विद्यालय संचालन गर्न संघीय सरकारबाट निर्णय भएपछि स्वास्थ्य सम्वन्धि मापदण्ड पालाना गरी पठनपाठनलाई नियमित गर्न आवश्यक पूर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाईको प्रवन्ध गर्न आवश्यक बजेट व्यवस्था गरिने छ ।
- **शिक्षित नानी : शिक्षामा लगानी** कार्यक्रम यस बर्ष पनि निरन्तर संचालन गरिनेछ । यस कार्यक्रम अन्तर्गत एक नमुना विद्यालय संचालन गरिनेछ । यस कार्यक्रमा समुदाय, विद्यालय प्रशासन, दातृनिकाय, प्रदेश सरकार तथा संघीय सरकार सँगको साझेदारी गर्ने नीति अवलम्बन गरिने छ ।
- विद्यार्थी संख्याको अनुपातमा दरवन्दी मिलान गर्दै लगिनेछ । सामाजिक विद्यालयको शिक्षक अभावलाई पूर्ति गर्न करारमा स्वयंसेवक शिक्षक भर्ना गर्ने नीति अवलम्वन गरिनेछ ।
- **समुन्नत समाजकोआधार शिक्षा क्षेत्रको सुधार**अभियान संचालन गरिने छ । यस अन्तर्गत संचालन गरिने शिक्षक विद्यार्थीको क्षमता विकास, कक्षकोठा व्यवस्थित, विद्यालयको वातावरण सुधार, पूर्वाधार निर्माण लगायतका कार्यक्रमका लागि प्रदेश सरकार, संघीय सरकार, दातृ निकाय तथा गैरसरकारी संस्थासँगको साझेदारीमा विशेष कार्यक्रम संचालन गरिने छ । यसका लागि योजना निर्माण तथा कार्यान्वययनमा उलेख्य बजेट बिनियोजन गरिने छ ।
- पाठ्यक्रममा आधारित तथा बाल मैत्री शिक्षण सिकाइ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- रुन्टीगढी गाउँपालिका भित्रका विद्यालयहरुमा पठनपाठन हुनेगरी स्थानीय पाठ्यक्रम तर्जुमा गरी आगामी आर्थिक वर्ष देखि लागू गर्ने नीति लिईनेछ ।
- **रुन्टीगढी प्राविधिक पूर्ण छात्रवृत्ति** कार्यक्रम अन्तर्गत वडाहरुको समन्वयमा सामुदायिक विद्यालयबाट एस.ई.ई. परीक्षामा उत्कृष्ट अंक प्राप्त गरेका दलित, जनजाती, महिला, सहिद परिवार तथा आर्थिक रुपमा अतिनै विपन्न रहेका नौ वडाका विद्यार्थी हरुमध्येबाट प्रत्यक वडाबाट १ जना र गाउँपालिका बाट १ जना गरी जम्मा १० जना विद्यार्थीलाइ छात्रबृतिमा कृषि तथा भेटेनरी जेटीए अध्ययन गाराउने कार्यक्रम यस वर्ष पनि निरन्तरता दिईनेछ ।
- गाउँपालिका भित्रका सबै माध्यामिक विद्यालयहरुमा प्राविधिक विषयको पढाइ सुरुवात गरिने छ । यस अन्तर्गत कृषि, पशु, सिभिल ईन्जिनियर,मेकानिकल, अटोमोबाईल, पब्लिक हेल्थ, अतिथि सत्कार, पर्यटन, तथा योगका विषयहरु प्राथमिकतामा राखिने छ ।
- प्राविधिक शिक्षा, Polytechnical Institute को स्थापना, मौजुदा मा.वि. र आधारभूत तहमा प्राविधिक शिक्षा सञ्चालन गर्न गत आव जस्तै प्रोत्साहन गरिनेछ ।
- नमुना घोषणा गरिएका विद्यालयहरुमा अंग्रेजी माध्यममा अध्ययन अध्यापन कार्य सञ्चालन गर्ने गरी कार्यक्रम तय गरिने छ ।
- गाउँपालिका भित्रका शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर सुधारका कार्यक्रम संचालन गरिनेछ ।
- रुन्टीगढी गाउँपालिका भित्र क्याम्पस स्थापनाको लागिप्राथमिकताका साथ पहल गरिनेछ ।
- नेपाल सरकारको निर्णय बमोजिम सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ लाई आधार मानि रुन्टीगढी गाउँपालिका स्तरीय सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।
- रुन्टीगढी गाउँपालिका भित्र संचालित सामुदायिक सिकाई केन्द्रहरु मध्ये कम्तीमा तीनवटा सिकाई केन्द्रहरुमा ईन्टरनेट सुविधा उपलव्ध गराई ई–लाईब्रेरीको संचालन गरिनेछ ।
- गाँउपालिका भित्रका विद्यालय तथा शिक्षकहरुको गुणस्तर क्षमता अभिवृद्धि गर्न तालिमको, भ्रमण, अवलोकन आदिको व्यवस्था गरिने छ ।
- सामुदायिक विद्यालयहरुका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा अभिभावक र अन्य सरोकारवाल निकायको साझा अभियानका निमित्त राष्ट्रिय स्तरका विज्ञहरुको सहजीकरणमा सेमीनार संचालन गरिनेछ ।

- **सवैका लागि र सधैका लागि शिक्षा** भन्ने नारालाई मूर्तरुप दिन निरन्तर तथा नियमित शिक्षा, वैकल्पिक शिक्षा लागायत यसका निम्ति सामयुदायिक सिकाई केन्द्रलाई समेत थप क्रियाशील तुल्याईनेछ ।
- गाउँपालिका अन्तर्गतका कम्तिमा नौवटा विद्यालयहरुमा प्रविधि सहयोग तथा कम्प्यूटर ल्याव स्थापनामा सहयोग गरिने छ । यसरी प्रविधि सहयोग गर्दा नमुना विद्यालयहरुलाई प्राथमिकतामा राखिनेछ ।
- यस क्षेत्रका विद्यार्थीका लागि  लोकसेवा तयारी कक्षाहरुसंचालन गरिनेछ ।
- प्र.अ.र विद्यालय व्यवस्थापन सममितिका अध्यक्षहरुसँग कार्यसम्पादन करार सम्झौता गरिनेछ ।
- गाउँपालिकाका सबै विद्यालयहरुमा प्राथमिक उपचारक कर्नरको स्थापना गरिनेछ ।
- दलित, विपन्न, असहाय बालबालिकाहरुलाई पोशाक तथा शैक्षिक सामग्री वितरण गरिनेछ ।
- विपन्न वर्गका जेहन्दार विधार्थीलाई विभिन्न प्राविधिक विषयहरुमा छात्रवृत्ति प्रदान गरिनेछ ।
- होलेरीमा निर्माण सुरुगरिएको खेलमैदानको कार्य आगामी आर्थिक वर्ष २०७७/०७८ सम्म सम्पन्न गरिनेछ ।
- समग्र खेलकुद क्षेत्रको विकासका लागि **एक वडा एक खेल मैदान**को नीति अवलम्वन गरिनेछ ।
- खेलकूदको समुचित विकास गर्न गाउँपालिका स्तरीय खेलकूद विकास समिति निर्माण गरिने छ । सगैं  पूर्वाधारको निर्माण,प्रशिक्षण र प्रतियोगिता आदिको आयोजना गर्न वहुउपयोगी कर्वडहल निर्माण गरिनेछ ।
- विगत आ.ब. देखि संचालन हुदै आएको विद्यालय स्तरीय रुन्टीगढी रनिङ्गसिल्ड प्रतियोगीतालाईआगामी आर्थिक वर्षमा पनि निरन्तरता दिईने छ ।
- युवा स्वरोजगार, क्षमता विकास र सशक्तिकरण सम्वन्धी विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- कोभिड १९ का कारण शिक्षा क्षेत्रमा देखापरेको शैक्षिक क्षतिको न्यूनीकरणका लागि आवश्यकताका आधारमा अतिरिक्त तथा कोचिङ कक्षा संचालनको विशेष व्यवस्था गरिने छ ।
- कोभिड १९ को जोखिम न्यूनिकरणका लागि क्वारेन्टीन स्थापना गरिएका विद्यालयहरुमा थप भौतिक पूर्वाधार विकास गरिनेछ । पठनपाठन सुरु गर्नुपूर्व त्यस्ता भवनहरुलाई निर्मलीकरण गरिने छ ।

**(च) समावेशी/लक्षित नीति तथा कार्यक्रम  (अपाङ्ग,जेष्ठ नागरिक,महिला, दलित, जनजाती, सहिद वपरिवार,युवा,बालबालिका )**

- आगामी ५ वर्ष भित्र यस गाउँपालिकालाई बालविवाह मुक्त गाँउपालिका धोषणा गर्न पहल गरिने छ ।आगामी ३ वर्ष भित्र यस गाँउपालिकालाई पूर्ण पोषणयुक्त  गाउँपालिका घोषणा गर्न पहल गरिनेछ ।
- शहिद परिवार,बेपत्ता परिवार,घाइते तथा अपाङ्ग र द्वन्द्व पिडितहरुका लागि विशेष कार्यक्रम ल्याइनेछ ।
- लोपोन्मुख जातीहरु (कुसुन्डा) संरक्षणको कार्यक्रम सुरु गरिने छ । ,दलितहरु, महिला, फरक क्षमता भएका व्यक्तिहरु र जनजातीका लागि आयाआर्जन मुलक कार्यक्रम संचालन गरिनेछ ।
- **भिन्न क्षमता समान अवसर** कार्यक्रम संचालन गरिनेछ । यस अन्तर्गत दृष्टि विहिन तथा अपाङ्ग हरुका लागि छात्रबृत्ति, आयआर्जन मुलक सहयोग तथा क्षमताविकासका कार्यक्रम संचालन गरिनेछ । यो कार्यक्रम यस गाउँपालिकाका नौ वटै वडाहरुमा संचालन गरिनेछ ।
- **सबै भन्दा पहिला विकासमा महिला** कार्यक्रम अन्तर्गत नौ वटै वडाका महिला समुह तथा सहकारी हरुलाई सामाजिक अभियानमा जोडिने छ । महिला समुहहरुको क्षमता विकास तथा समूह सुदृढीकरणका लागि विज्ञहरुबाट चौमासिक अभिमुखीकरण तथा प्रशिक्षण संचालन गरिनेछ ।
- होलेरीमा निर्माण सुरु गरिएको जेष्ठ नागरिक दिवा विश्राम केन्द्रका लागि आगामी वर्ष पनि बजेट व्यवस्था गरिनेछ ।
- बालबालिकाको चौतर्फी विकासका लागि प्रतियोगितात्मक, मनोरञ्जनात्मक र साहसिक कार्यक्रमहरुसञ्चालन गरिनेछ ।
- बालमैत्री पूर्वाधारहरु निर्माण गर्न अभियान संचालन गरिने छ ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिने छ । यसका लागि बजेट विनियोजन गरिने छ ।
- अनाथबालबालिका तथा एकल महिलाहरुका लागि**सहारा** कार्यक्रम संचालन गरिने छ । यसको लागि बजेट व्यवस्था गरिनेछ ।

- हिंसा पिडित महिला तथा वालबालिकाका लागि होलेरीमा अल्पकालीन सुरक्षित आवास गृह (सेफ हाउस ) संचालन कार्यलाई निरन्तरता दिईनेछ ।
- यस गाउँपालिका भित्र गाउँपालिका वा अन्य निकायबाट निर्माण गरिने सार्वजनिक पूर्वाधार निर्माणकार्य गर्दा लैगिक मैत्री, बाल मैत्री, अपांगता मैत्री ज्येष्ठनागरिक मैत्री भौतिक संरचना निर्माणमा जोड दिइनेछ ।
- महिला आदिबासी, जनजाती, असक्त तथा विपन्न समुदायलाई लक्षित गरी उनीहरुको उत्थानमा सहयोग पुग्ने कार्यक्रम संचालन गरिनेछ ।
- सबै किसिमका लैगिक तथा सामाजिक विभेदलाई निषेध तथा निरुत्साहित गरिनेछ ।
- महिला तथा विपन्न समुदायलाई लक्षित गरी उनीहरुको सशक्तिकरण तथा क्षमता विकाससंग सम्बन्धित कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ ।
- लैङ्गीक, घरेलु तथा यौन हिंसा लगायत जोखिममा परेका महिला , बालबालिका, अपांगता ,एकल महिला यौनिक तथा लैगिक अल्पसंख्यकलाई दृष्टिगत गरी अवसर र हित प्रवर्द्धन सम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछ ।
- महिलाहरुलाइ विकासको मुलप्रवाहमा ल्याउनको लागि सशक्तिकरण तथा क्षमता विकासको कार्यक्रममा जोड दिइनेछ ।
- समाजका अग्रज ज्येष्ठ नागरिकको भुमिका र योगदानलाई उच्च महत्व दिदै दिवा सेवा केन्द्रलाई वडा स्तरमा पनि विस्तार तथा व्यवस्थापन गर्दै लगिनेछ ।
- महिलाहरुको आत्मनिरर्भरतालाई बढाउन होलेरीमा कोशेली घर स्थापना गरिनेछ ।
- आधारभूत मापदण्ड पुरागरी क्वारेन्टाइनहरुमा हुने विभिन्न प्रकारका हिंसाहरुलाई रोक्न आवश्यक पूर्वाधार तथा सजगता अपनाईनेछ ।
- विपद तथा महामारीको समयमा महिला, बालबालिका, किशोरी , अपांग ,ज्येष्ठ नागरिकहरु अति प्रभावित जोखिममा पर्ने भएको हुँदा क्वारेन्टीनलाई महिला,बालबालिका, अपांङ्ग तथा ज्येष्ठ नागरिक मैत्री बनाईने छ ।
- विपदको घडीमा महिला तथा किशोरीमाथि अमानवीय व्यवहार, दुर्व्यबहार यौन शोषण तथा बलात्कार जस्ता जघन्य अपराध हुने कुरालाई मध्यनजर गरी गाउँपालिका भित्र वालवालिका तथा **महिलामैत्री क्वारेन्टाइनको** व्यवस्था गरिनेछ ।
- महिला तथा किशोरीका लागि **मर्यादा सामग्रीको** व्यवस्था गरिनेछ ।

**(छ) वन तथा वातावरण निती तथा कार्यक्रम :**

- **एक वडा एक नमुना बन** कार्यक्रम संचालन गरिने छ । वन उपभोक्ता महासंघ, वन डिभिजन, सव डिभिजन कार्यलय तथा सामुदायिक वन हरुको सझेदारी तथा समन्वयमा यो अभियानलाई तिब्रता दिइने छ । यसका लागि बजेट समेत व्यवस्था गरिने छ ।
- गाउँपालिका क्षेत्रमा रहेका विभिन्न सामुदायिक तथा सरकारी वनहरुमा गुँरास फुल्ने, काफल लगाएतका बन्य फलहरु फल्ने र जंगली जनावर तथा पशु पक्षि प्रसस्त पाइने भएकाले यसको संरक्षणका लागि **संरक्षण क्षेत्र घोषणा गर्ने** प्रकृया अगाडी वढाइने छ । यसका लागि सम्वन्धित निकायमा साझेदारी र समन्वय गरिने छ पर्याय पर्यटनको कार्यक्रम संचालन गरिने छ । यस अन्तर्गत गत आ.बमासुरु भएको गुँरास संरक्षण अभियान (**गुँरास गार्डेन**) लाइ निरन्तरता दिईने छ ।
- सफा र हरियाली गाँउपालिका निर्माणका लागि हरित सडक, वृक्षारोपण, कार्य संचालन गरिने छ । गाउँपालिकाका मुख्य बजार क्षेत्रको सडक किनारामा रुख रोप्ने कार्यलाई तदारुकताकासाथ सुरु गरिनेछ । **मेरो सहर हरियो सहर** अभियान अन्तर्गत प्रत्यक घर धनीले आफ्नो घर अगाडि दुई वटा रुखका विरुवा र फुल रोप्ने अभियान तिब्रताकासाथ अगाडी बढाइने छ ।
- पहिरो तथा वाढी जान सक्ने स्थानहरुको पहिचान गरी बाँसद्धारा तटवन्धन निर्माण गरिने छ ।
- जडिबुटी पकेट क्षेत्रहरुको पहिचान गरिने छ । यसको विकासका लागि बजेट विनियोजना गरिने छ । जडिबुटी बाट उत्पादन हुन सक्ने विभिन्न स्थानीय उत्पानहरुलाई प्रोत्साहन गर्ने नीति लिइने छ ।
- गाउँपालिकाबाट सडक तथा अन्य पूर्वाधार निर्माण गरेका योजना स्थलहरुमा अमलिसो लगायतका भुक्षय रोक्ने विरुवाहरु लागाइने छ । यस कार्यका लागि वजेट विनियोजन गरिने छ ।

**(ज) सरसफाई नीति तथा कार्यक्रम**

- Zero Waste प्रणालीलाई प्रभावकारी बनाई फोहर व्यवस्थापन गरिनेछ ।
- सन २०२१ सम्म गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य लिईएको छ । यस लक्ष्य पुरा गर्नका लागि विभिन्न निकायसंग साझेदारी गरिने छ ।
- कुखुरा तथा बंगुर फर्महरु संचालनको अनुमति दिँदा वजार आवास तथा वस्ती क्षेत्रबाट टाढा मात्र संचालन हुने गरी अनुमति दिइनेछ ।
- बजारक्षेत्रलाई क्रमशः प्लाष्टिक मुक्त क्षेत्र घोषणा गर्दै लगिने छ र गाउँपालिकाको कार्यालय र नौवटै वडा कार्यालयहरुलाई पलाष्टिक मुक्त कार्यालय घोषणा गरिनेछ ।
- आगामी २ वर्ष भित्र भान्साकोठा धुवाँ मुक्त गाउँपालिका घोषणा गरिनेछ ।
- **गत** आ.ब.मा निर्माण सुरु भएको सरसफाई योजनालाई आगामी आर्थिक वर्षमा समपन्न गरी कार्यान्वयन गरिनेछ ।
- पुर्ण सरसफाई गाउँपालिका घोषणाका लागि विभिन्न पर्वद्धनात्मक, प्रचारात्मक, अभियानात्मक कार्यक्रमहरु संचालन गरिनेछ । सरोकारवाला निकायहरुको संलग्नतामा अन्तर जिल्ला अवलोकन भ्रमण तथा सिकाई कार्यक्रमहरु संचालन गरिनेछ ।
- होलेरी वजार तथा अन्य बजारक्षेत्रबाट उत्पादित फोहरलाई मोहरमा बदलौं भन्ने अभियानका साथ गल्ने फोहर र नगल्ने फोहर छुट्टाछुट्टै संकलन गरी गल्ने फोहरबाट कम्पोष्टमल उत्पादन तथा नगल्ने फोहरको उचित व्यवस्थापनका लागि ल्यान्डफिल साइटको उचित व्यवसाथापन गरिने छ । फोहर ढुवानी तथा संकलनका लागि आगामी आर्थिक वर्षमा ट्याक्टर खरिद प्रक्रिया अगाडी वढाईने छ ।
- सरसफाईको अभियानलाई व्यवस्थित रुपमा संचालनफोहर संकलन, ढुवानी तथा विसर्जन कार्यलाई आगामी आर्थिक वर्ष २०७७/०७८ मा पनि निरन्तरता दिईने छ ।

**(झ) आन्तरिक आय वृद्धि/कर/राजश्व परिचालन सम्बन्धी नीति तथा कार्यक्रम :**

- आगामी आ.ब सम्म यस गाउँपालिका भित्रका सम्पुर्ण व्यबसायी लाइ भ्याट र पानमा आबद्ध हुन पहल गरिने छ ।
- आन्तरिक आयबढाउनु **करको दर घटाउँ दायरा बढाउँ** अभियान संचालन गरिने छ ।
- आन्तरिक आय वृद्धि गर्नका लागि राजश्व सम्भाव्यता अध्ययन गरी करका विभिन्न क्षेत्रहरुको पहिचान गरिनेछ ।
- यस गाउँपालिकाबाट निकासी हुने बस्तु हरुको पहिचान गरी निकासी कर लगाईनेछ ।
- निजी जग्गाबाट निकासी हुने ढुगां, गिट्टी तथा बालुवाबाट निकासी कर संकलन गरिने छ । यस कार्यलाई व्यवस्थित गर्न कार्यविधि स्वीकृत गरी लागू गरिनेछ ।
- गाँउपालिकाका विभिन्न क्षेत्रवाट प्राप्त गर्ने कर, शुल्क तथा दस्तुरलाई प्रभावकारीरुपले संकलन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायसँग सहकार्य गरिनेछ ।
- राजश्व प्रशासन शाखालाई थप सुदृढ गर्दै लगिनेछ ।
- दर्ता नगरी गाडी वा मोवाईलरुपमा संचालन गरिने व्यापार व्यवसायलाई उद्योग वाणिज्य संघसंगको समन्वयमा व्यवस्थित गरिने छ ।
- घर नक्सा पास तथा अभिलेखिकरणलाई आगामी आर्थिक वर्षको सुरुवातबाटै निरन्तरता दिईने छ ।

**(ञ) साना तथा घरेलु उद्योग सम्बन्धी नीति :**

- गत आर्थिक वर्षमा गाउँपालिका क्षेत्रमा सुरुवात गरिएको औधौगिक ग्राम निर्माणको कार्यलाई निरन्तरता दिईने छ । यसका लागि प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय गरिनेछ ।
- अनुदान तथा साझेदारीमा कोसेली घर संचालन गरिने छ । पहिलो चरणमा होलेरी बजारमा आगामी आर्थिक वर्षमा बढीमा २ वटा व्यवस्थीत कोशेली घर संचालन गरिने छ ।
- स्थानीय कच्चा पदार्थमा आधारित जडिबुटी प्रशोधन उद्योग लगायत अन्य उद्योगको स्थापना गर्न प्रोत्साहन दिईनेछ ।

- पर्यटन, शिक्षा, स्वास्थ तथा अन्य क्षेत्रमा लागानी गर्न आउने लगानीकर्ता तथा उद्योगीलाई सुरक्षा तथा सुविधाका लागि गाउँपालिका विशेष कार्यक्रम संचालन गरिनेछ ।
- साना उद्योग तथा व्यवसायीहरुलाई अनुदान तथा अन्य सहयोग गर्दैजाने नीति अवलम्बन गरिनेछ ।

**(ट) मानव संशाधन तथा संगठन विकास र कार्यालय व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**:

- गाउकार्यपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरुको कर्मचारीहरुमा Chain of Command राखिने साथै सेवाग्राही प्रति उत्तरदायी बनाउने र कर्मचारी आचारसंहिता निर्माण गरि लागू गरिनेछ ।
- गाउँपालिकाको व्यवस्थित विकासको लागि सल्लाहकारहरु, विषय विज्ञ र परामर्शदाताबाट सल्लाह सुझाव लिइ मानव संशाधन विकास सम्बन्धी कार्यहरु गरिनेछ ।
- कर्मचारीहरुलाई समय सापेक्ष विभिन्न सीपमूलक क्षमता विकास तालिम दिइनेछ ।
- शाखा प्रमुखहरुसँग कार्यसम्पादन करार गरी काम गर्ने कार्यको थालनी गरिनेछ ।
- कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गरी उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कृत गरिनेछ ।
- संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय तहको ऐन नियमानुसार गाँउ कार्यपालिकालाईआवश्यक पर्ने श्रोतको व्यवस्था हेरी संगठन संरचना र दरवन्दी श्रृजना गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी सोको प्रतिवेदनका आधारमा रिक्त दरबन्दीको पदपूर्ति गरिनेछ ।
- गाँउपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त ,विश्वसनियता, क्षमतायुक्त र प्रभावकारी वनाइनेछ ।
- सवै कर्मचारीहरुको कार्यविवरण वनाई लागू गरिनेछ ।
- गाउँपालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।
- गाउँपालिका भित्रका, करदाता , उपभोक्ता समिति, संचारकर्मी, टोल विकास समितिलाई पुरस्कृत गर्ने पद्दतिको विकास गरी यसलाई निरन्तरता दिईनेछ ।
- गाउँ कार्यपालिकाको वैठकवाट स्वीकृत रुन्टीगढी गाँउपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीको पूर्ण पालनामा जोड दिईनेछ । ।
- गाउँपालिकालाई आवश्यक मेशिनरी औजार, सवारी साधनहरु खरिद गरिनेछ् ।
- गाउँपालिका क्षमता विकास योजना बमोजिम कर्मचारीहरु र जनप्रतिनिधि तथा समग्र गाँउपालिकावासीको क्षमता विकास कार्यक्रमहरु सन्चालन गरिनेछन् ।

**(ठ)सुशासननीति तथा कार्यक्रम :**

- गाउँपालिका कार्यालय र वडा कार्यालयहरुलाई सूचना प्रविधिमैत्री वनाउन आवश्यक वजेट विनियोजन गरिनेछ ।
- गाउँपालिकाको सबै वडा समाबेस हुने गरी विपन्नता स्तरीकरण गरिनेछ । यसका आधारमा कार्यक्रम छनौट गरिनेछ ।
- यस अघि निर्माण भएको गाउँपालिकाको पालिका पार्श्वचित्र अध्यावधिक गरिनेछ ।
- कोभिड १९ को रोकथाम र नियन्त्रणको लागि संघीय सरकारले लागू गरेको लकडाउनका कारण चालु आर्थिक वर्षको आय ठेक्का प्रभावित भएको र आगामी आर्थिक वर्षमा समेत यस्तो अवस्थाको निरन्तरता हुन सक्ने देखिएकाले आय संकलन प्रकृया र विधिमा सुधार तथा कर सहुलियत दिनुपर्ने अवस्था रहेमा सोको समेत आँकलन गरी आन्तरीक आय तथा राजश्व परिचालन सम्वन्धी आवश्यक नीति तथा कानुनी व्यवस्था गरिनेछ ।
- नागरिकता, अपाङ्ग परिचय पत्र वितरण, पंजिकरण सेवा र स्वास्थ्य सेवा समेत गरी जन चासोका सबै विषयहरुलाई स्थलगत सम्वोधन गर्न एकीकृत घुम्ती शिविर संचालन गरिनेछ ।
- कोभिड १९ को कारण व्यापार व्यावसाय तथा सेवा क्षेत्रमा पर्न गएको नकारात्मक असरबाट राहात प्रदान गर्न व्यवसाय कर, घरबहाल कर, जस्ता करका क्षेत्रमा परेको असरको मूल्याकंन गरी नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ ।

- आर्थिक क्रियाकलाप मा आएको संकुचनसंगै आन्तरिक आय, अन्तर सरकारी वित्तीय हस्तान्तरण, राजश्व बाँडफाँड तथा रोयल्टी रकममा आउन सक्ने कमीलाई ख्याल गर्दै आन्तरिक तथा चालु खर्च पद्धतिलाई व्यवस्थित गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई पार्दर्शी र व्यवस्थीत गर्न यस वर्ष देखि लाभग्राहिहरुको खाता संचालनगरी बैंङ्कीक प्रणालीबाट भुक्तानि दिने व्यवस्था अविलम्ब गरिनेछ ।
- सुशासन स्थापनाको लागि आवश्यक कानून, नियम, विनियमावली, कार्यविधि, आदिको निर्माण गरी लागू गरिनेछ ।
- गाउँपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राहीमैत्री तुल्याउन व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिईनेछ ।
- भ्रष्टाचार नियन्त्रणका लागि शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ ।
- नागरिक वडापत्र सेवाग्राहीले वुझ्ने गरी कार्यलयमा राखिने छ/छापिने छ ।
- गाउँपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवाका सर्न्दभमा प्रत्यक चौमासिकरुपमा सार्वजनिक सुनुवाई सम्पन्न गरिनेछ ।
- जनताका गुनासा तथा सुझाव संकलनका लागी **जनताका आगनमा जनप्रतिनिधि** कार्यक्रम संचालन गरिनेछ । यस कार्याक्रम अन्तर्गत हरेक तिन महिनामा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु र जनाता वीच भेटघाट तथा साक्षात्कार गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका अन्तर्गत रहेका अग्रज जनप्रतिनिधि तथा वृद्ध साथै नागरिक समाजहरुसंगको भेट गाउँपालिकाको केन्द्रमा प्रत्येक तीन महिनामा गरिने छ । यस अभियानलाइ प्रभावकारी वनाउन **अभिभावकसँग अध्यक्ष** कार्यक्रमलाई निरन्तराता दिइनेछ ।
- गाउँपालिकाले संचालनमा ल्याएको मोवाइल एप्स र वेवसाईटलाई थप व्यवस्थित गरी संचालन गरिनेछ ।

**(ड) मर्यादा पालन/न्याय सम्वन्धी नीति :**

- गाउँसभा संचालन कार्यविधि २०७४ मा उल्लेखित मर्यादा पालन सम्वन्धि विविध विषयहरुलाई पालनामा जोड दिईनेछ ।
- गाउँकार्यपालिकाको वैठकवाट स्वीकृत वैठक संचालन सम्बन्धी कार्यविधिको पूर्ण पालनामा जोड दिईनेछ ।
- गाउँपालिकाको कार्य विभाजन नियमावली २०७४ , कार्यसम्पादन नियमावली २०७४, निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण कार्यविधि २०७४, गाँउपालिका पदाधिकारीहरुको आचारसंहिता २०७४ को पूर्ण पालना गर्ने गराइनेछ ।
- न्यायिक समितिले गर्ने न्याय सम्बन्धी कामहरु प्रभावकारी ढंगले सम्पादन गर्न पदाधिकारी तथा कर्मचारीलाई सो सम्बन्धी तालिमको व्यबस्था गरिनेछ ।
- आगामी आ.ब. देखि न्यायिक समितिको कार्य व्यवस्थितगर्न कानूनी सल्लाहकार नियुक्ति गरिनेछ । न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासका लागि कार्यक्रम तय गरिनेछ । आगामी आ.ब. देखि गाउँपालिकामा **ईजलासको** व्यवस्था गरिनेछ ।

- **(ढ) सार्वजनिक नीजि साझेदारी नीति**
- निजी क्षेत्र, सहकारी क्षेत्र र सार्वजनिक क्षेत्र बीच सहकार्यको आधारमा विकासका कार्यक्रम गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्र मनोरञ्जनात्मक पार्क, उद्यान, पुस्तकालय, फोहोरमैला व्यवस्थापन, हाट वजार संचालन, जस्ता कार्यका लागि सार्वजनिक निजी साझेदारी मोडलमा काम गर्ने परिपाटीको विकास गरिनेछ । यसका लागि उद्योग वाणिज्य संघ लगायतका अन्य सरोकारवाला निकायसँग सहकार्य गरिनेछ ।
- विभिन्न निजी क्षेत्रसँगको सहकार्यमा वजार क्षेत्रमा सि.सि.टि.भी. जडान गर्न पहल गरिनेछ
- मासु व्यवसायीसँगको सहकार्यमा मासु पसल सुधार, पशुवधशाला निर्माण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिका अन्तर्गतका क्षेहरुमा सरसफाइ, नयायीक समिति, पर्यटन तथा सार्वजनिक सम्पतिको सुरक्षा, तथा विपत उद्दार र राजश्व संकलनका लागि प्रयोग गर्ने गरी गाउँ नगर प्रहरी संचालन गरिने छ ।
- विभिन्न वैदेशीक दातृ निकायहरुको साझेदारीमा जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास लागाएतका कार्यहरु अगाडी वढाईनेछ । दातृ स्वयंसेवकहरुको साझेदारी र सहयोगमा गाउँपालिका भत्रिको जनेचासोको विषयमा साझेदारी गरिनेछ ।

**(ण) सामाजिक परिचालन तथा टोल विकास नीतिः**

- बालमैत्री गाँउपालिका घोषणा अभियान सुरु गरिनेछ ।
- टोल विकास तथा सामुदायिक संघ संस्थाहरुको गठन गरी उनीहरुकै सहयोग, समन्वय र सक्रियतामा सामुदायिक विकासका कार्यक्रम संचालन गरिनेछ ।
- सामुदायिक संस्थाहरु एवं लक्षित वर्ग केन्द्रित पूर्वाधार विकास, सस्थागत विकास, आयमूलक एवं सीपमूलक कार्यक्रम तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

**(त) सूचना तथा संचार विकास नीति :**

- फोन तथा मोवाइल सेवाबाट कोही पनि वञ्चित हुन नपर्ने गरी गाँउपालिकाका नेटवर्क नपुगेका स्थानहरुको पहिचान गरी टेलिफोन टावर विस्तार कार्यको पहल गरिनेछ ।
- **हेलो गाउँपालिका रेडियो कार्यक्रम** संचालन गरिनेछ ।
- दुरसंचार प्रणालीलाई सवै वडामा सर्वसुलभ वनाउन पहल गरिनेछ ।
- नायाँ संचारकर्मीहरुको उत्पादन हुनेगरी विभिन्न तालिमहरुको आयोजना गर्न बजेट विनियोजन गरिनेछ ।
- आगामी आ.ब.मा रुन्टीगढी गाउँ पालिकामा ल्याण्डलाइन टेलिफोन संचालन गरिने छ । साथै अप्टीकल फाईवर सिस्टमबाट नेटको सुविधा विस्तार गर्न आवश्यक पहल गरिने छ ।
- यस गाउँपालिका मा कार्यरत संचारकर्मीहरुको लागी क्षमता विकास तथा संस्थागत सुदृढीकरण कार्यक्रम संचालन गरिने छ ।
- संचारकर्मीहरुको क्षमता विकासका लागि विभिन्न तालिम तथा सेमिनारहरु संचालन गरिनेछ ।
- सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्ने आफ्ना गतिविधिहरुलाई विभिन्न माध्ययमवाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने गाउँपालिकाबाट आवश्यक व्यवस्था मिलाईनेछ ।
- स्थानीय पत्रिका, एफ.एम. रेडियो र टेलिभिजनहरु मार्फत गाँउपालिकाका गतिविधिहरु आवश्यकतानुसार प्रकाशन र प्रसारण गरिनेछन् ।
- सूचना तथा संचार क्षेत्रको संरक्षण, प्रवर्द्धन र विकास गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।
- खोजमूलक र अनुसन्धानमूलक पत्रकारितालाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

**(थ) कोष संचालन सम्वन्धि नीति तथा र्काक्रम :**

- गत आ.ब. देखि संचालनमा आएका देहाय बमोजिम कोषहरुलाई निरन्तरता दिईने छ । कोषहरुको व्यवस्थापन र परिचालनका लागि आवश्य कानुनी व्यवस्था गरिने छ ।
  १) मर्मत संभार कोष
  २) कर्मचारी कल्याण कोष
  ३) प्राकृतिक विपत उद्दार विशेष कोष
  ४) लक्षित वर्ग (महिला, बालकालिका,फरक क्षमता ) विकास विशेष कोष
  ५) क्षमता विकास तथा मानव संसाधन विशेष कोष
  ६) स्थानीय विकास कोष
  ७) वातावरणीय व्यवस्थापन तथा जलवायु परिवर्तन, वैकल्पीक उर्जा विकास कोष

**(द) सामाजिक सुरक्षा तथा अन्य नीति :**

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सरल र सहज रुपमा टोल तथा वस्तिहरुमा पुगि वितरण गर्ने नीति लिइनेछ ।
- अशक्त अपांगहरु लागि विशेष कार्याक्रमहरु संचालन गरिनेछन् ।
- गाँउपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुको समुचित संरक्षणको व्यवस्था गरिनेछ ।
- यस गाउँपालिका अर्न्तगत वडा नं. १ लिवाङी आँप र वडा नं. ८ कुर्जामा प्रहरी चौकी स्थापना गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।

- यस गाँउपालिका क्षेत्रभित्र जुवा तास पुर्ण रुपमा बन्द गरिनेछ।
- यस  गाँउपालिका क्षेत्रभित्र मदिराको बिकी बितरण तथा सेवनलाई नियन्त्रण गरिने छ ।

(ध)**विपद् व्यवस्थापन सम्वन्धी नीति :**

- कोभिड १९ को संक्रमणको देशभरी व्यापकताले सिर्जना हुन सक्ने  परिस्थितिको आंकलन गरी संचालनमा रहेका  क्वारेन्टाईन व्यवस्थापन, आईसोलेसन कक्ष संचालन विभिन्न सचेतनामूलक कार्यक्रम, तथ्याङ्क संकलन लगायतको कार्य प्राथमिकतामा राखी गरिनेछ ।
- यस गाउँपालिका अन्नर्गत हुने सम्भावित विपद् जोखिमका क्षेत्रहरु पहिचान गरिनेछ ।
- विपद् व्यवस्थापन तथा उद्दार योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।
- विपद् व्यवस्थापन कोष स्थापना गरी विशेष अवस्थामा कार्यान्वयन गरिने छ ।

(न)**श्रम, रोजगार तथा सीप विकास नीति :**

- कोभिड १९ को माहामारीका कारण यस गाउँपालिका भित्रका कयौंको रोजगारी गुमेको, देशका विभिन्न क्षेत्र, भारत लगायत अन्य मुलुकहरुबाट सयौं व्यक्तिहरु गाउँपालिका फर्केको अवस्था रहेकाले त्यस्ता व्यक्तिहरुलाई लक्षित गरी रोजगारीमा आधारित **रुन्टीगढी स्वावलम्बन कार्यक्रम** संचालन गरिने छ । यस कार्यक्रम मार्फत ९ वटै वडामा एक हजार बढी मानिसलाई रोजगारी प्रदान गरिने छ । उक्त कार्यक्रमका लागि कार्यविधि निर्माण सम्पन्न भएको छ । कार्यक्रमका लागि उल्लेख्य बजेट व्यवस्था गरिने छ ।
- स्थानीय स्थरमा रोजागरी श्रृजना हुने खालका योजनाहरु संचालन तथा कार्यन्वयन गर्ने नीति लिइने छ ।
- प्रधानमन्त्री रोगगार कार्यक्रम, मुख्य मन्त्री ग्रामीण विकास कार्यक्रम र युवा स्वरोजगार कार्यक्रमलाई  स्थानीय आवश्यकतासँग नजिकहुने गरी  गाउँपालिकाको कृषि, पर्यटन तथा अन्य पूर्वाधारसँग जोडी संचालन गरिनेछ ।
- वैदेशिक रोजगारीमा जाने क्रमलाई निरुत्साहित गर्न विभिन्न अभियान तथा रोजगारका अवसरहरु श्रृजना गरिनेछ । श्रर्मिक तयार  गरी काम साझेदरी नीति अनुरुप विभिन्न सरोकारवाला निकायकालागि श्रर्मिकहरु उपलव्ध गराउने नीति लिइने छ ।

**<u>त) सहकारी नीति</u>**

- गाउँपालिका भित्रका सबै सहकारीहरुको संरक्षण तथा सहकारी सदस्यहरुको क्षमता विकासका लागि आवश्यक  नीति लिईनेछ ।
- गाउँपालिका भित्र संचालन हुने कृषि, पशु विकास, शिक्षा, आयआर्जन लगायतका कार्यक्रमहरुमा सहकारीसंस्थाहरुको साझेदारी तथा समन्वयलाई प्राथमिकतासाथ कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका भित्रका कृषि सहकारी, महिला सहकारी, वचत सहकारी लगायतका सबै प्रकारका सहकारीहरुलाई आर्थिक क्रियाकलापहरुमा जोडी सर्बसाधरणहरुलाई आर्थिक गतिविधीमा चलायमान गराईनेछ ।

धन्यवाद

जय रुन्टीगढी